# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ७ मितिः २०८२/०४/२९


## भाग-९

## माडी नगरपालिका

# माडी नगरपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

# माडी नगरपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना**

माडी नगरपालिकाको क्षेत्र भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको व्यवस्थित सञ्चालन, संरक्षण, आम्दानी व्यवस्थापन, कर्मचारी प्रबन्ध तथा वित्तीय पारदर्शिता सुनिश्चित गर्न तथा सम्बन्धित धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण तथा व्यवस्थापन लगायतका कार्य गर्न गठित संरक्षण/व्यवस्थापन समितिलाई परिचालन गर्न माडी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "माडी नगरपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि माडी नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भई राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "नगरपालिका" भन्नाले माडी नगरपालिका सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले माडी नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "धार्मिक तथा पर्यटकीय स्थल" भन्नाले माडी नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय महत्व बोकेका सम्पदाहरु सम्झनु पर्दछ ।

(घ) "संरक्षण समिति" धार्मिक स्थलको संरक्षण तथा व्यवस्थापन गर्न गठित समिति वा निकाय सम्झनु पर्दछ ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले पर्यटकीय स्थलको संरक्षण सम्बर्धन प्रबन्धन र व्यवस्थापन गर्न गठित समिति वा निकाय सम्झनु पर्दछ।

## परिच्छेद २
## उद्देश्य र मापदण्ड

**३. यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन् ।**

(क) धार्मिक तथा पर्यटकीय स्थलहरूको व्यवस्थित संचालन, सरसफाइ, सुरक्षा र सेवा सुनिश्चित गर्ने।

(ख) पर्यटकीय शुल्क, पार्किङ्ग, दान आदिबाट प्राप्त आम्दानीको पारदर्शी व्यवस्थापन गर्ने।

(ग) कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, कार्य निरीक्षण र जवाफदेहीता सुनिश्चित गर्ने।

(घ) संरक्षण तथा व्यवस्थापन समितिमा स्थानीय नागरिक, धार्मिक सांस्कृतिक तथा पर्यटकीय नेतृत्व र नगरपालिकाको सहकार्य बढाउने।

(ङ) आम्दानीको उचित प्रयोग गरेर धार्मिक तथा पर्यटकीय स्थलको संरचना निर्माण, पुनर्निर्माण, सौन्दर्यीकरण र सुविधा विस्तार गर्ने।

(च) धार्मिक तथा पर्यटकीय स्थलहरूको स्वच्छता, सुरक्षा र सेवा गुणस्तरमा सुधार।

(छ) स्थानीय रोजगारी बढाउँदै सामुदायिक अर्थतन्त्र सुदृढ बनाउने।

(ज) पर्यटक आकर्षण बढाएर नगरपालिकाको आय वृद्धि गर्ने।

**४. यस कार्यविधिको मापदण्ड देहायबमोजिम रहेका छन् ।**

(क) धार्मिक तथा पर्यटकीय स्थलहरूको आम्दानी संकलन

(ख) धार्मिक तथा पर्यटकीय स्थलहरूमा खर्च व्यवस्थापन

(ग) धार्मिक तथा पर्यटकीय स्थलहरूमा कर्मचारी व्यवस्थापन

(घ) धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण/व्यवस्थापन समितिको गठन

(ङ) संरक्षण/व्यवस्थापन समितिको लेखा परीक्षण

(च) नियमन तथा कारबाही

## परिच्छेद ३
## आम्दानी, खर्च तथा लेखा परिक्षण

**५. आम्दानी संकलन प्रक्रिया**

(१) धार्मिक तथा पर्यटकीय क्षेत्रमा नगरपालिकाको नगर सभाले तोकेको सरसफाइ, प्रवेश, पार्किङ्ग तथा मनोरञ्जन शुल्क नगरपालिका आफैंले संकलन गर्नेछ । सरसफाइ, प्रवेश, पार्किङ्ग तथा मनोरञ्जन शुल्क नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) संकलन विधिः (क) यस कार्यविधिको दफा ५ को उपदफा १ बमोजिम आम्दानी संकलन गर्नका लागि नगरपालिकाले सम्बन्धित संरक्षण/व्यवस्थापन समितिबाट पहिलेदेखि नियुक्त कर्मचारीलाई खटाउन सक्नेछ ।

(ख) नगरपालिकाले ठेक्का प्रक्रियाबाट पनि आम्दानी संकलन गर्न सक्नेछ । तर यो कार्यविधि लागू हुँदाका बखत कार्यरत कर्मचारीको हकमा उचित व्यवस्था गर्न नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

**६. कर्मचारी व्यवस्थापन**

(१) कर्मचारी पारिश्रमिक सम्बन्धी व्यवस्था : यस कार्यविधि जारी हुनु भन्दा पहिले देखि नै कार्यरत कर्मचारीहरुलाई सम्बन्धित संरक्षण/व्यवस्थापन समितिमार्फत् प्रदान हुँदै आएको न्यूनतम पारिश्रमिक सम्बन्धित कर्मचारीलाई संरक्षण/व्यवस्थापन समितिमार्फत् प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

(२) कर्मचारीको अभिलेख सम्बन्धी व्यवस्था : सम्बन्धित संरक्षण/व्यवस्थापन समितिले कार्यरत कर्मचारीको दैनिक उपस्थिति तथा सम्पादित कार्यको विवरणको मासिक रुपमा अभिलेखिकरण गर्नुपर्नेछ । यसरी तयार गरेको अभिलेख मासिकरुपमा सम्बन्धित संरक्षण/व्यवस्थापन समितिले नगरपालिकालाई पेश गर्नु पर्नेछ।

(३) नयाँ नियुक्ति तथा बर्खास्त सम्बन्धी व्यवस्था : (क) सम्बन्धित संरक्षण/व्यवस्थापन समितिले नगरपालिकाको पूर्व स्वीकृति लिएर नयाँ कर्मचारी राख्न वा हटाउन सक्नेछ।

(ख) कुनै कर्मचारीको कार्य सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई सेवाबाट हटाउन नगरपालिकाले सम्बन्धित संरक्षण/व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ । नगरपालिकाबाट प्राप्त निर्देशनको सम्बन्धित संरक्षण/व्यवस्थापन समितिले अनिवार्य पालना गर्नु पर्नेछ ।

### ७. खर्च व्यवस्थापन

(क) प्रशासनिक खर्चः कर्मचारीको पारिश्रमिक बाहेक अन्य प्रशासनिक एवम् विविध खर्चका लागि नगरपालिकाले सम्बन्धित धार्मिक तथा पर्यटकीय स्थलको आम्दानीको १५% रकममा नबढ्ने गरी खर्च व्यवस्थापनका लागि विविध खर्च शिर्षकबाट भुक्तानी दिनेछ । यस्तो रकमबाट समितिका पदाधिकारीहरूको क्षमता विकासमा पनि खर्च गर्न सकिनेछ।

(ख) बजेट विनियोजनः धार्मिक तथा पर्यटकीय स्थलको आम्दानीका आधारमा नगरपालिकाले नियमानुसार बजेट विनियोजनको प्रबन्ध मिलाउनेछ । यसरी विनियोजित रकमबाट श्रममूलक, सौन्दर्यकरण तथा ललितकलासँग सम्बन्धी कार्य गर्नु पर्नेछ । यस्ता संरक्षण संबर्धन तथा प्रबर्धनातम्मक कार्यहरु सम्बन्धित समितिले गर्ने व्यवस्था मिलाईनेछ ।

### ८. लेखा परीक्षण

संरक्षण/व्यवस्थापन समितिले वार्षिक रूपमा आम्दानी-खर्चको लेखा परीक्षण गराउनुपर्नेछ।

## परिच्छेद ४
## विविध

### ८. समितिको गठन, संचालन तथा काम कर्तव्य र अधिकार

संरक्षण/व्यवस्थापन समितिको गठन कार्यकाल तथा कार्यप्रणाली र काम कर्तव्य र अधिकार नगरपालिकाले तोकेको कार्यविधि नगरपालिकाबाट स्वीकृति दिएको विधान बमोजिम हुनेछ।

### ९. उल्लंघनका कारबाही

यस कार्यविधिको पालन नगर्दा सम्बन्धित समितिलाई नगरपालिकाले निर्देशन दिने तथा कारबाही गर्न सक्नेछ।

### १०. संरक्षण सरसफाई तथा विकास

धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण, सरसफाइ र विकासमा नगरपालिकाले उच्च प्राथमिकता दिनेछ। सम्बन्धित संरक्षण/व्यवस्थापन समिति पनि यस कार्यमा उच्च जिम्मेवार हुनेछ ।

### ११. संशोधन

आवश्यकताअनुसार नगर कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।